# प्रेश विज्ञप्ती

नेपाल धितोपत्र बोर्डले रजत जयन्ती वर्षको अवसरमा आयोजना गरेको प्रथम पुँजी बजारसम्बन्धी प्रदर्शनी २०७५ सम्पन्न भएको छ । २०७५।०१।२६ र २७ गते आयोजित धितोपत्रको प्राथमिक तथा दोस्रो बजारसम्बन्धी विविध जानकारी, धितोपत्र व्यवसायी सेवा एवं अन्य सम्बन्धित सेवासम्बन्धी विस्तृत जानकारी, धितोपत्र तथा धितोपत्र बजारसम्बन्धी विविध अध्ययन सामाग्रीहरुको निशुल्क वितरण, धितोपत्र बजार पूर्वाधार, बजार संचालन व्यवस्था, बजार सुधार तथा विकास र आगामी प्राथमिकता सम्बन्धमा छलफल एवं लगानीकर्ता सचेतना अभिबृद्धि कार्यक्रम संचालन जस्ता विशेषताहरु रहेको नेपालको पुँजी बजारको इतिहासमै पहिलोपल्ट आयोजित यस एतिहासिक कार्यक्रममा अवलोकनकर्ताहरुको उत्साहवर्द्धक उपस्थिति रहेको थियो । यसमा नेपाल धितोपत्र बोर्ड, बीमा समिति, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., शाख मूल्यांकन संस्था, मर्चेण्ट बैंकर व्यवसायी, धितोपत्र दलाल व्यवसायी, केन्द्रीय निक्षेप सदस्य, आस्वा आवद्ध बैंक तथा वित्तीय संस्था, सूचिकृत कम्पनीहरु, धितोपत्र बजारसम्बन्धी सफ्टवेयर कम्पनीहरु, आर्थिक विद्युतीय संचार माध्यम गरी कुल ११९ स्टलहरु रहेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि माननीय अर्थमन्त्री डा.युवराज खतिवडाले पुँजी बजारलाई विशेष प्राथमिकता दिई कार्यक्रमका स्टलहरुको अभिरुचीपूर्वक निरीक्षण, प्रदर्शनीको समुद्घाटन तथा कार्यक्रमलाई सम्बोधन गर्नुभएको थियो । कार्यक्रमका विशेष अतिथि नेपाल राष्ट्र बैंकका गर्भनर तथा नेपाल धितोपत्र बोर्डका पूर्व अध्यक्ष डा.चिरञ्जीबी नेपालले प्रदर्शनीमा राखिएका स्टलहरुको अभिरुचीपूर्वक अवलोकन गरी कार्यक्रममा विशेष अतिथीको मन्तव्य एवं कार्यक्रमको पूर्ण सफलताको लागि शुभकामना दिनु भएको थियो । उक्त कार्यक्रममा अतिथीको रुपमा बीमा क्षेत्रको नियमन निकाय बीमा समितिका अध्यक्ष श्री चिरञ्जीबी चापागाईले प्रदर्शनीमा रहेका स्टलहरुको अवलोकन गरी उद्घाटन समारोहमा आफ्नो मन्तव्य दिनु भएको थियो । प्रदर्शनीको उद्घाटन कार्यक्रममा अतिथिको रुपमा बोर्ड सदस्यहरु तथा बोर्डका तथा नेपाल स्टक एक्सचेञ्ज लि.का पूर्व अध्यक्षहरु, उद्योगी व्यवसायीहरु, पुँजी बजारसम्बन्धी अन्य सम्बद्ध पक्षहरु, आर्थिक पत्रकारहरु तथा लगानीकर्ताहरुको ठूलो संख्यामा सहभागीता रहेको थियो ।

कार्यक्रममा पुँजी बजारसम्बन्धी अधिकांश विषय वस्तु समिटिने गरी धितोपत्र बजार तथा बजार पूर्वाधार, मर्चेण्ट बैकिङ्ग सेवा तथा शाखा मूल्यांकन सेवा, धितोपत्र बजार सुधारका प्रयास एवं आगामी प्राथमिकता र धितोपत्र दलाल व्यवसाय सेवा विषय शीर्षकमा आयोजित चार प्राविधिक सत्रहरुमा बोर्डका वर्तमान अध्यक्ष, बोर्डका पूर्व अध्यक्षहरु तथा बोर्डका पूर्व सदस्य, नेपाल स्टक एक्सचेञ्जका पूर्व अध्यक्ष, सिडिएस एण्ड क्लियरिङ्ग लि.का प्रमुख कार्यकारी अधिकृत, मर्चेण्ट बैंकर एशोसिएसनका अध्यक्ष, स्टक ब्रोकर एशोसिएसनका अध्यक्ष, बैंकर, शाख मूल्यांकन संस्थाका प्रमुख कार्यकारी अधिकृत, अनुसन्धानकर्ता, विश्वविद्यालयका प्राध्यापक, लगानीकर्ता संघहरुका अध्यक्षहरुले प्राविधिक सत्रहरुको अध्यक्षता, कार्यपत्र प्रस्तुती, टिप्पणीकर्ताको महत्वपूर्ण भूमिका पूरा गर्नु भएको थियो । प्राविधिक शत्रमा उठेका विभिन्न जिज्ञाशाहरुको सम्बोधन सम्बन्धित कार्यपत्र प्रस्तोता तथा प्राविधिक सत्रका अध्यक्षहरु गरिएको थियो ।

पुँजी बजार क्षेत्रमा आयोजित पहिलो पुँजी बजार प्रदर्शनीमा लगानीकर्ता तथा पुँजी बजार सम्बद्ध अन्य पक्षहरुको उत्साहवर्द्धक सहभागीताबाट लगानीकर्ता तथा अन्य सम्बद्ध पक्षहरुले पुँजी बजारका विविध आयामहरु बारे एकै स्थानबाट जानकारी हाशिल गर्नसक्नु भएको विश्वास गर्दै यस किसिमका विशेष कार्यक्रमहरुलाई आगामी दिनमा समेत निरन्तरता दिन बोर्ड प्रतिवद्ध रहेको छ ।

२०७५।१।२८

(प्रवक्ता)